स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक

# हाम्रो शान्तिनगर

## कक्षा ३

शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुम्लेकुला, दाङ, नेपाल

प्रकाशक : शान्तिनगर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जुम्लेकुला, दाङ, नेपाल

प्राविधिक सहकार्य : नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही

सर्वाधिकार : प्रकाशकमा

प्रथम संस्करण : २०८३

यस पाठ्यपुस्तकसम्बन्धी सम्पूर्ण अधिकार शान्तिनगर गाउँपालिकामा निहित छ । यस गाउँपालिकाको लिखित स्वीकृतिबिना पूर्ण वा आंशिक भाग हुबहु प्रकाशन गर्न, परिवर्तन गरी प्रकाशन गर्न तथा विद्युतीय साधन वा अन्य प्रविधिबाट कपी गर्न तथा अभिलेख उतार गर्न पाइने छैन ।




प्रमोद बस्नेत
अध्यक्ष

# प्रकाशकीय



प्रेमाकुमारी बुढाथोकी
उपाध्यक्ष

शान्तिनगर गाउँपालिकाद्वारा तयार पारिएको स्थानीय पाठ्यक्रमका विषयवस्तु, क्षेत्र र क्रममा आधारित रहेर हाम्रो शान्तिनगर पाठ्यपुस्तक प्रकाशित गरिएको छ। शान्तिनगर गाउँपालिकाको सामाजिक, आर्थिक, कला, संस्कृति, सांस्कृतिक, धार्मिक, नैतिक, पर्यटकीय, औद्योगिक, स्वास्थ्य, व्यापारिक, कृषि जस्ता विषयमा विद्यार्थीलाई जानकारी गराई नैतिकवान्, अनुशासित, र सृजनशील नागरिक तयार गर्न मद्दत पुर्‍याउने उद्देश्यका साथ स्थानीय पाठ्यक्रम निर्माण गरी पाठ्यपुस्तक निर्माण गरिएको हो। यस पाठ्यपुस्तकमा स्थानीय पुरातात्त्विक, ऐतिहासिक, सामाजिक, सांस्कृतिक, धार्मिक, पर्यटकीय स्थलहरू तथा सेरोफेरोका महत्त्वपूर्ण स्थलसँग सम्बन्धित एवम् विषयवस्तु समावेश गरिएको छ। यस पुस्तकको अध्ययनबाट विद्यार्थीले आफ्नो गाउँपालिकाको भौगोलिक अवस्थिति, स्थानीय ऐनकानुन, सेवासुविधा, स्थानीय संस्कृति, चाडपर्व, जातजाति, सामाजिक अनुशासन, कृषि, प्राकृतिक चिकित्सा, जडीबुटी र परम्परागत सिपका बारेमा जानकारी लिन सक्ने छन्। शान्तिनगर गाउँपालिकाअन्तर्गतका विद्यालयहरूबाट आधारभूत तह उत्तीर्ण गरेका विद्यार्थीले आन्तरिक वा बाह्य पर्यटकहरूलाई मार्गदर्शन गर्न सकून् भन्ने अपेक्षा राखी पाठ्यक्रम निर्माण र पाठ्यपुस्तकको प्रकाशन गरिएको हो। **हाम्रो शान्तिनगर** पाठ्यपुस्तकको लेखन तथा सम्पादन कार्यको जिम्मेवारी लिने संस्था नेपाल प्राज्ञिक अध्ययन अनुसन्धान केन्द्र, रूपन्देही र पाठ्यपुस्तक लेखकहरू डा. शालिकराम पौड्याल, डा. प्रेमप्रसाद तिवारी र स्थानीय पाठ्यपुस्तक निर्माण समितिका सम्पूर्ण सदस्यहरूप्रति पनि हार्दिक आभार व्यक्त गर्दछौँ।

प्रस्तुत पाठ्यपुस्तकको निर्माणमा सहयोग गर्नुहुने प्रमुख प्रशासकीय अधिकृत भेषराज चन्दज्यू, शिक्षा, युवा तथा खेलकुद शाखाका प्रमुख सुमन पाण्डेज्यू, गाउँपालिकाका जनप्रतिनिधि तथा कर्मचारीज्यूहरू, विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयका प्रधानाध्यापकज्यू, विषयशिक्षक, स्थानीय शिक्षाविद्, विभिन्न राजनीतिक दलका प्रतिनिधिज्यूलगायत सम्पूर्ण शान्तिनगरवासीप्रति हार्दिक धन्यवाद तथा आभार प्रकट गर्दछौँ।

अन्त्यमा पाठ्यक्रम तथा पाठ्यपुस्तक परिवर्तन निरन्तर प्रक्रिया भएकाले आगामी दिनमा सरोकारवाला निकाय, शिक्षक, विद्यार्थी, अभिभावक, पाठक र विद्वान्हरूबाट प्राप्त रचनात्मक सुझावका आधारमा परिमार्जन गर्दै जाने प्रतिबद्धता व्यक्त गर्दछौँ। प्रस्तुत पाठ्यपुस्तक शैक्षिक सत्र २०८२ देखि शान्तिनगर गाउँपालिकामा रहेका सम्पूर्ण सामुदायिक तथा संस्थागत विद्यालयमा पठनपाठन हुने कुरामा विश्वस्त छौँ।

शान्तिनगर गाउँपालिका, जुम्लेकुला, दाङ, नेपाल

# विषयसूची


| एकाइ / पाठ | शीर्षक | पृष्ठ न. |
|---|---|---|
| एकाइ : एक | हाम्रो कृषिकर्म | १ |
| पाठ एक | बगैँचा र करेसाबारी | २ |
| पाठः दुई | हाम्रा बाली | ७ |
| पाठः तीन | अन्नको जतन | १४ |
| पाठः चार | कृषि औजार | १८ |
| एकाइ : दुई | हाम्रो इतिहास र संस्कृति | २३ |
| पाठः पाँच | हाम्रा नाच र बाजा | २४ |
| पाठः छ | हाम्रा मेला र जात्रा | ३० |
| पाठः सात | धार्मिक स्थल | ३४ |
| एकाइ : तीन | हाम्रो शान्तिनगर | ४० |
| पाठः आठ | हाम्रो वडा | ४१ |
| पाठः नौ | हाम्रा खोलानाला | ४५ |
| पाठः दश | हाम्रा पेसा र व्यवसाय | ५० |
| पाठः एघार | हाम्रो गाउँको विविधता | ५६ |
| एकाइ : चार | हाम्रो परम्परा | ६० |
| पाठः बाह्र | सम्मान र सहयोग | ६१ |
| पाठः तेह्र | सभ्य र शिष्ट व्यवहार | ६६ |
| पाठः चौध | हाम्रो लोकसाहित्य | ७० |
| पाठः पन्ध्र | हाम्रा जडीबुटी | ७४ |
| एकाइ : पाँच | हाम्रो स्थानीय सरकार | ७९ |
| पाठः सोह्र | हाम्रो गाउँपालिका | ८० |
| पाठः सत्र | गाउँपालिकाका शाखा | ८४ |
| एकाइ : छ | लिखत तथा उद्घोषण | ९१ |
| पाठः अठार | निवेदन | ९२ |

## एकाइ : एक

# हाम्रो कृषिकर्म



## पाठ : एक

# बगैँचा र करेसाबारी

हाम्रो वरिपरिको वातावरण सफा र स्वच्छ राख्नुपर्छ। स्वच्छ र हरियालीयुक्त वातावरणबाट हामीले धेरै किसिमका फाइदा लिन सक्छौँ। सबैभन्दा महत्त्वपूर्ण हामीलाई बाँच्नका लागि चाहिने अक्सिजन हरिया बिरुवाबाट नै प्राप्त हुन्छ। घर र विद्यालयको वरिपरि रहेका खाली क्षेत्रमा विभिन्न प्रकारका बिरुवा रोप्नुपर्छ।




## फलफूल बगैँचा

हामीले घर र विद्यालयमा फलफूल बगैँचाको निर्माण गर्छौँ। फलफूल बगैँचामा विभिन्न फलफूल फलाउँछौँ। विद्यालयमा हरियाली र सौन्दर्य बढाउँछौँ।

विद्यालयमा भएको फलफूल बगैँचाबाट फलफूल खेतीसम्बन्धी जानकारी प्राप्त गर्छौँ ।



फलफूल बगैँचा

## फूलबारी



हामी घर र विद्यालयमा सानो वा ठुलो फूलबारी बनाउन सक्छौँ । फूल भएको ठाउँ हामी सबैलाई मन पर्छ । हामीले खुला ठाउँमा फूलबारी बनाउँछौँ । साथै कोठाभित्र वा बाहिर गमला, काठको फ्रेम, प्लास्टिकका

भाँडा तथा बोतल आदि प्रयोग गरी फूलबारी बनाउँछौँ । फूलबारीले घर र विद्यालयलाई आकर्षक र सुन्दर बनाउँछ । साथै विभिन्न चराचुरुङ्गी तथा रङ्गीचङ्गी पुतलीहरूका लागि खाना तथा वासस्थान प्रदान गर्छ ।

## करेसाबारी



घरका दायाँबायाँ र पछाडि तरकारी खेती गरिने बारीलाई करेसाबारी भनिन्छ । हाम्रो घरमा करेसाबारी छ । हामी करेसाबारीमा मौसमअनुसारका तरकारी लगाउँछौँ । यहाँ तरकारी, फलफूल र अरू बिरुवा पनि छन् । हाम्रो करेसाबारीमा हिउँद र वर्षायाममा फरक फरक तरकारी खेती गर्छौँ । हामी फुर्सदको समय करेसाबारीमा जान्छौँ । मलाई करेसाबारीमा काम गर्न रमाइलो लाग्छ । हाम्रा बुबा त कार्यालयबाट घरमा आएपछि करेसाबारीमा जानुहुन्छ । हामी तरकारी काट्दा बचेका कुरालाई कम्पोस्ट मल बनाउँछौँ । त्यही मलको प्रयोग गरेर करेसाबारीमा तरकारी खेती गर्छौँ । त्यसैले हाम्रो करेसाबारीमा अर्गानिक तरकारी उत्पादन हुन्छ । आमा र बहिनी पनि फुर्सदको समय करेसाबारीमा बिताउनुहुन्छ । हाम्रो करेसाबारी सबैको फुर्सदमा काम गर्ने ठाउँ बनेको छ ।



## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक छुट्याऔँ :

(क) फलफूल बगैँचामा विभिन्न फलफूल फलाउन सकिन्छ।

(ख) फूल भएको ठाउँ हामीलाई मन पर्दैन।

(ग) अक्सिजन हरिया बिरुवाहरूबाट नै प्राप्त हुन्छ।

(घ) खाली क्षेत्रहरूमा विभिन्न प्रकारका बिरुवा रोप्नुहुन्न।



### खाली ठाउँ भरौँ :

(क) हाम्रो वरिपरिको वातावरण सफा र ............ राख्नुपर्छ।

(ख) घर र विद्यालयमा सानो वा ठुलो ............... बनाउन सकिन्छ।

(ग) फलफूल बगैँचाले विद्यालयमा हरियाली र ......... बढाउन  सकिन्छ।

(घ) हामी तरकारी काट्दा बचेका कुरालाई .............. मल बनाउँछौँ।



### दिइएका प्रश्नका उत्तर भनौँ :

(क)  हाम्रो वरपरका वातावरण कस्तो राख्नुपर्छ ?

(ख) हामी बगैँचा कहाँ निर्माण गर्न सक्छौँ ?

(ग) हामीले करेसाबारीमा के के रोप्न सक्छौँ ?



## समूहले उत्तर भनौँ :

(क) तपाईँले घरको करेसाबारीमा के के रोप्नुभएको छ ?

(ख) फूलबारी कहाँ बनाउन सकिन्छ ?



## परियोजना कार्य गरौँ :

अभिभावकसँग आफ्नो टोलको भ्रमण गर्नुहोस् । तपाईँले टोलमा रहेको बगैँचामा के के बोटविरुवा देख्नुभयो ? नाम भन्नुहोस् ।



## सिर्जनात्मक काम गरौँ :

गुरुआमाको सहयोगमा विद्यालयको करेसाबारीको अवलोकन गर्नुहोस् ।

पाठ : दुई

# हाम्रा बाली

**(हाम्रो शान्तिनगर गाउँपालिकाका विभिन्न वडामा उत्पादन हुने बालीका विषयमा तीन कक्षामा अध्ययन गर्ने छात्रछात्राको कुराकानीबाट हामी पनि थाहा पाऔँ ।)**

विशाल : सन्जात आज हजुरले के खानुभयो ?

सन्जात मियाँ : मैले आज गहुँको रोटी र तरकारी खाएँ । अनि हजुरले के खानुभयो नि ?

विशाल : मैले आज मकैको आटो खाएँ । हजुरको घरमा गहुँ कहाँबाट ल्याउनुहुन्छ नि ?

सन्जात मियाँ : मेरो बाबाले दिउँसो विद्यालयमा पढाउनुहुन्छ । बिहान साँझ घर नजिकैको बारीमा खेती पनि गर्नुहुन्छ। मैले घरमै फलेको गहुँबाट बनेको रोटी खाएको हुँ।







विशाल : ए, हो र ? त्यसो भए अहिले हजुरको घरमा के के बालीनाली छन् त ?

सन्जात मियाँ : बर्खाको समयमा मकै, कोदो, भटमास जस्ता बालीनाली हुन्छन् । अहिले मेरो घरमा जौ, गहुँ, केराउ छन् । हामी त दिनहुँ नयाँ नयाँ परिकार बनाएर खान्छौँ । हजुरको घरमा के के छन् त ?



मकै खेती



कोदो खेती



गहुँ खेती



केराउ खेती

विशाल : हाम्रो घरमा त त्यति धेरै बालीनाली फल्दैनन् । बर्खामा मकै राम्रो फल्छ । त्यतिखेर फलेको मकैको आटो बनाएर खाने गर्छौं । दुधसँग आटो मलाई असाध्यै मिठो लाग्छ ।

सन्जात मियाँ : हजुरको घरमा तरकारी पनि त लगाउनुभएको होला नि ?

विशाल : लगाएका छौँ नि । हाम्रो घरमा आलु, गोभी, प्याज प्रशस्तै फल्छ । अनि हजुरको घरमा नि ?



आलु खेती



गोभी खेती



सिमी खेती



प्याज खेती

सन्जात मियाँ : हाम्रो घरमा तरकारी खेती त गरेका छैनौँ । मेरो काकाले व्यावसायिक रूपमै नगदे बालीको खेती गर्नुभएको छ।

विशाल : ओहो ! कुन कुन नगदेबालीको खेती गर्नुभएको छ नि ?

सन्जात मियाँ : मेरो काकाले अम्बा, आँप, केरा लगायत नगदेबालीको खेती गर्नुभएको छ।



अम्बा खेती



केरा खेती

विशाल : अनि सुन न हाम्रो शान्तिनगर गाउँपालिकाभित्र पशुपक्षी पालन छ कि छैन रे ?

सन्जात मियाँ : छ नि । गाउँपालिकाभित्रका विभिन्न वडामा कुखुरापालन र गाईपालन गरिन्छ नि। यसरी व्यवसायिकरूपमै पशुपक्षी पालन गर्दा निकै फाइदा हुँदोरहेछ। आफ्नो घरायसी खर्च चलाउन पनि सजिलो हुने रहेछ।



कुखुरापालन



गाईपालन

विशाल : मलाई त हाम्रो वडामा भएका कृषि फार्ममा घुम्ने इच्छा लाग्यो नि ।

सन्जात मियाँ : हुन्छ, भोलिपर्सि समय मिलाएर घुमौँला नि ।



## क्रियाकलाप गरौं :



### चित्र हेरी जोडा मिलाऔं :

मकै खेती



गहुँ खेती



गाईपालन



भैँसीपालन



कुखुरापालन





## प्रश्नका उत्तर भनौँ :

(क) पाठमा कसकसका बिचमा कुराकानी भएको छ ?

(ख) शान्तिनगरमा उत्पादन हुने मुख्य अन्नबाली कुन कुन हुन् ?

(ग) शान्तिनगरमा कुन कुन नगदे बाली उत्पादन हुन्छन् ?

(घ) व्यवसायिकरूपमा पशुपालन गर्दा के फाइदा हुन्छ ?



## भ्रमण गरौँ र काम गरौँ:

आफ्नो टोलको भ्रमण गर्नुहोस् र त्यहाँका मानिसले कुन कुन अन्नबाली लगाएका छन्। तिनीहरूको नाम टिपेर कक्षामा सुनाउनुहोस्।



## केही नयाँ गरौँ :

तपाईँको घरमा कुन कुन पशुपक्षी छन् ? तिनीहरूको नाम लेखेर कक्षामा सुनाउनुहोस्।



## चित्र बनाऔँ :

(क) तपाईँलाई मन पर्ने कुनै पशुपन्छीको चित्र बनाएर कक्षामा देखाउनुहोस्।

(ख) काउलीको चित्र बनाएर मिल्ने रङ लगाउनुहोस्।

पाठ : तीन

# अन्नको जतन

(स्थान : रबिनको घरको आँगन । रबिन र उनकी सानी बहिनी रमा धान सुकाइरहेका छन् । त्यत्तिकैमा उनीहरूका बुबा आउनुहुन्छ ।)

रबिन : बुबा, हामीले यो धानलाई किन यसरी घाममा सुकाएको ? सिधै भकारीमा हाले हुन्न ?



बुबा : हुन्न बाबु । खेतबाट ल्याएको अन्नमा चिस्यान हुन्छ । यसलाई २–३ दिनसम्म राम्रोसँग सुकाउनुपर्छ । सुकाएन भने अन्न छिटै कुहिन्छ ।

रमा : अनि बुबा, चिसो भुइँमा धानका बोरा राख्दा के हुन्छ नि ?

बुबा : चिसो भुइँमा राख्दा ओस लाग्छ नानी । त्यसैले अन्नलाई ओसबाट जोगाउन भुइँमा काठको फलेक वा पराल ओछ्याएर मात्र राख्नुपर्छ ।

रबिन : ए ! अनि धान राख्ने भकारी त धेरै पुरानो छ, त्यसैमा राख्ने त होला नि ?

बुबा : राख्ने त त्यसैमा हो, तर पहिले त्यसलाई सफा गर्नुपर्छ । पुराना किरा छन् भने घाममा सुकाएर सफा गरेपछि मात्र नयाँ अन्न हाल्नुपर्छ ।



रमा : बुबा, अस्ति त छिमेकी काकीले धानको बोरामा नीमको पात हाल्दै हुनुहुन्थ्यो, किन होला ?

बुबा : हो, अन्नलाई किरा र मुसाबाट बचाउन नीमको पात वा बोझो मिसाउने चलन छ । यसले अन्नलाई सुरक्षित राख्छ ।

रबिन : अब मैले बुझेँ । अन्न राख्ने कोठामा हावा खेल्ने ठाउँ पनि हुनुपर्छ, तर पानी भने चुहिनुहुँदैन, होइन त बुबा ?

बुबा : स्याबास रबिन ! तिमीले ठिक भन्यौ । यसरी जतन गरेर राख्नुलाई नै भण्डारण भनिन्छ ।

# क्रियाकलाप गरौं :

## ठिक वा बेठिक लेख्नुहोस् :

(क) अन्नलाई घाममा सुकाउनु पर्दैन। (.......)

(ख) ओसबाट जोगाउन भुईंमा काठको फलेक ओछ्याउनुपर्छ। (.......)

(ग) नीमको पातले अन्नलाई किराबाट बचाउँछ। (.......)

(घ) अन्न राख्ने कोठामा हावा खेल्नुपर्छ। (.......)

## जोडा मिलाउनुहोस् :

| समूह क | समूह ख |
|---|---|
| भण्डारण | २-३ दिन घाममा सुकाउने |
| ओसबाट बचाउन | सुरक्षित राख्ने काम |
| चिस्यान हटाउन | बोझो वा नीमको पात |
| किरा भगाउन | पराल वा काठ ओछ्याउने |



## खाली ठाउँ भर्नुहोस् :

**(सफा, कुहिन, भकारी, मुसा)**

(क) राम्रोसँग सुकाएन भने अन्न ........................ सक्छ।

(ख) अन्न राख्ने ........................ एकदमै सफा हुनुपर्छ।

(ग) अन्नलाई ........................ ले खान नपाउने गरी सुरक्षित राख्नुपर्छ।

(घ) नयाँ अन्न हाल्नुअघि पुराना भाँडा ........................ गर्नुपर्छ।



## उत्तर दिनुहोस् :

(क) भण्डारण भनेको के हो ?

(ख) अन्नलाई कति दिनसम्म घाममा सुकाउनुपर्छ ?

(ग) अन्नलाई किराबाट जोगाउन के के मिसाउन सकिन्छ ?



## चित्र बनाऔँ :

तपाईंको घरमा अन्न (धान, मकै वा गहुँ) कसरी राखिएको छ ? घरमा गएर हेर्नुहोस् र अन्न राखिएको भाँडो (भकारी, घैँटो वा बोरा) को एउटा सुन्दर चित्र आफ्नो कापीमा बनाउनुहोस्।



## प्रयोगात्मक कार्य गरौँ :

आज घरमा गएर आफ्नी आमा वा हजुरआमालाई हाम्रो घरमा अन्नलाई किरा र मुसाबाट कसरी जोगाउनुहुन्छ ? भनेर सोध्नुहोस् र भोलि कक्षामा साथीहरूलाई सुनाउनुहोस्।

पाठ : चार

# कृषि औजार

शान्तिनगर गाउँका किसान पहिले हलो र कोदालोको भरमा खेती गर्थे। यसपालि गाउँमा ठुलो परिवर्तन आयो । समीरका बुबाले गाउँमा एउटा नयाँ मेसिन ल्याउनुभयो। त्यो मेसिनको नाम ट्याक्टर थियो।



समीरले सोध्यो, “बुबा, अब हामीले गोरु नारेर हलो जोत्नुपर्दैन ?” बुबाले मुस्कुराउँदै भन्नुभयो, “पर्दैन बाबु । यो ट्याक्टरले थोरै समयमा धेरै खेत जोत्छ। खेतमा पानी लगाउन हामीले पम्पिङ सेट ल्याएका छौँ। अनि बाली काट्न र झार्नका लागि थ्रेसर मेसिन पनि छ। यी आधुनिक औजारले हाम्रो काम सजिलो र छिटो बनाउँछन्।”



समीरका बुबाले यसपालि धेरै धान र तरकारी फलाउनुभयो । उहाँले अन्न र तरकारी बेच्न छिमेकी काकासँग सल्लाह गर्नुभयो । उहाँहरूले सबै उत्पादन नजिकैको हाटबजारमा लैजानुभयो । उहाँले अन्न कृषि सहकारीमा लैजाने निर्णय गर्नुभयो ।



समीर पनि बुबासँगै बजार गए । त्यहाँ धेरै मानिस तरकारी र अन्न किन्न आएका थिए । बुबाले आफ्नो पसिनाको उचित मूल्य पाउनुभयो । आधुनिक औजारले खेती गर्न सजिलो हुने रहेछ । समीरले त्यसबाट धेरै उब्जनी गरेर बजारमा बेच्दा घरमा पैसा पनि आउने रहेछ भन्ने कुरा बुझे ।



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

**(थ्रेसर, ट्र्याक्टर, बजार, पम्पिङ सेट)**

(क) खेत जोत्नका लागि ........................ को प्रयोग गरिन्छ।

(ख) धान वा गहुँ झार्नका लागि ........................ मेसिन चाहिन्छ।

(ग) खेतमा सिँचाइ गर्न ........................ ले मद्दत गर्छ।

(घ) किसानले फलाएका सामानहरू बेच्न ........................ लैजानुपर्छ।



### जोडा मिलाउनुहोस् :

| औजारको नाम | गर्ने काम |
|---|---|
| ट्र्याक्टर | पानी तान्ने र सिँचाइ गर्ने |
| थ्रेसर | खेत जोत्ने |
| पम्पिङ सेट | बाली काट्ने |
| रिपर | अन्न झार्ने । |



## ठिक वा बेठिक लेख्नुहोस् :

(क) आधुनिक औजारले काम ढिलो गराउँछन् । (.......)

(ख) कृषि सहकारीले किसानको उत्पादन बेच्न मद्दत गर्छ । (......)

(ग) खेतीमा बढी भएको अन्न बजारमा बेच्नु राम्रो हो । (.......)

(घ) हलो र जुवा पुराना कृषि औजार हुन् । (.......)



## कोठामा दिएका शब्दमध्येबाट सही नाम छानेर खाली ठाउँमा लेख्नुहोस् :

(ट्र्याक्टर, हँसिया, थ्रेसर, कोदालो, पम्पिङ सेट)

धान काट्ने धारिलो औजार ..............................................

खेत जोत्ने ठुलो मेसिन ..............................................

खेत खन्ने फलामे औजार ..............................................

अन्न झार्ने मेसिन ..............................................

पानी तान्ने मेसिन ..............................................



## उत्तर दिनुहोस् :

(क) कथामा समीरका बुबाले कुन नयाँ मेसिन ल्याउनुभयो ?

(ख) आधुनिक कृषि औजार प्रयोग गर्दा के फाइदा हुन्छ ?

(ग) किसानले फलाएका अन्न कहाँ कहाँ बेच्न सक्छन् ?



## परियोजना कार्य गरौँ :

तपाईँको गाउँ वा टोलमा किसानहरूले प्रयोग गर्ने कुनै दुईओटा आधुनिक मेसिनको नाम लेख्नुहोस् र ती मेसिनले के काम गर्छन्, गुरुआमालाई सुनाउनुहोस् ।



## खोज्नुहोस् र लेख्नुहोस् :

तपाईँको घर वा छिमेकमा प्रयोग हुने दुईओटा पुराना र दुईओटा आधुनिक औजारको नाम लेख्नुहोस् :

| पुराना औजार | आधुनिक औजार |
|---|---|
| १. ............................ | १. ............................ |
| २. ............................ | २. ............................ |

## एकाइ : दुई

# हाम्रो इतिहास र संस्कृति



पाठ : पाँच

# हाम्रा नाच र बाजा

(स्थान : विद्यालयको चौर। विद्यार्थी र गुरुआमा घेरा बनाएर बसेका छन्। केही पुराना बाजाहरू बिचमा राखिएका छन्।)

गुरुआमा : नानीबाबुहरू, आज हामी हाम्रो शान्तिनगरमा नाचिने रमाइला नाच र बजाइने बाजाहरूका बारेमा कुरा गर्ने छौँ। कसैलाई कुनै नाचको नाम थाहा छ ?

कमल : गुरुआमा, मेरो घरतिर त सोरठी नाच्छन्। मादल घन्किँदा खुट्टा आफैँ सलबलाउँछन्।

गुरुआमा : एकदम राम्रो। सोरठी नाच हाम्रो पहिचान हो। सोरठीमा बजाइने मादल काठबाट बनेको हुन्छ। यसको दुईतिर छालाले बेरिएको हुन्छ। यसको आवाज घिनघिन ताङ गरी बज्छ।



कमल : सोरठी नाचका बारेमा बताउनुहोस् गुरुआमा ।

गुरुआमा : सोरठी एउटा पौराणिक र मौलिक नाच हो । यसमा मारुनी (महिलाको भेषमा पुरुष) र मादलेहरूको मुख्य भूमिका हुन्छ । यस नाचमा मादलेहरूले कम्मरमा मादल भिरेर बजाउँदै नाच्छन् । झ्याली ताल मिलाउन प्रयोग गरिन्छ । नाच्नेहरूको खुट्टामा पैँजन/नेउरी बाँधिन्छ । यसले छन छन आवाज निकाल्छ । यसमा देवीदेवताको प्रार्थना र ऐतिहासिक कथा आउँछ ।

सरला : गुरुआमा, अस्ति माघी मेलामा त बड्का नाच पनि देखिएको थियो । त्यसमा त कस्तो रमाइलो गीत गाइएको थियो ।



गुरुआमा : हो सरला । बड्का नाच थारू समुदायमा प्रचलित नाच हो । यो महाभारतको कथामा आधारित एक परम्परागत नाच हो ।

अमन : गुरुआमा, थारु समुदायको बड्का नाचका बारेमा बताउनुहोस् ।

गुरुआमा : शान्तिनगर गाउँपालिकाका थारु समुदायमा प्रचलित यस नाचमा पाँच जना लेहङ्गा लगाएका महिला, पाँच जना जामा लगाएका पुरुष, धोती लगाएका पाँच जना पुरुष, जाँघिया लगाएका पाँच जना पुरुष हुन्छन् । नाच्नेहरु मयूरको प्वाँख र अन्य सजावटले सजिएका हुन्छन् । यसमा पाँच जना गीत गाउने, तीन जना मादल बजाउने, एक जना सोँगिया र तीन जना गुरुवा हुन्छन् । यो नाच सामूहिक रूपमा, गाउँका चौरमा वा खुला स्थानमा आयोजना गरिन्छ ।



## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) सोरठी नाचमा मारुनी र मादलेहरूको मुख्य भूमिका हुन्छ । (........)

(ख) बड्का नाचमा दश जना गीत गाउने हुन्छन् । (........)

(ग) नाच्नेहरुले मयूरको प्वाँख र अन्य सजावटले सजिएका हुन्छन् । (........)

(घ) बड्का महाभारतको कथामा आधारित एक परम्परागत नाच हो । (........)

(ङ) बड्का नाच थारू समुदायमा प्रचलित नाच हो । (........)



## खाली ठाउँ भर्नुहोस् :

**(मजिरा, पैंजन, काठ, ऐतिहासिक)**

(क) सोरठीमा बजाइने मादल ........................ बाट बनेको हुन्छ।

(ख) खुट्टामा बाँधिने ........................ ले छन छन आवाज निकाल्छ।

(ग) सोरठी नाचमा देवीदेवताको प्रार्थना र ..................... कथाहरू गाइन्छ।

(घ) बड्का नाचमा ..................... सोँगिया र तीन जना गुरुवा हुन्छन्।



## मिलाउनुहोस् :

| समूह 'क' | समूह 'ख' |
|---|---|
| सोरठी नाच | महाभारतको कथा |
| बड्का नाच | पौराणिक र मौलिक नाच |
| झ्याली | छन छन आवाज |
| नेउरी | ताल मिलाउने बाजा |



## उत्तर दिनुहोस् :

(क) सोरठी नाचमा बज्ने मादलको आवाज कस्तो हुन्छ ?

(ख) थारु समुदायको बड्का नाच कुन कुन अवसरमा नाचिन्छ ?

(ग) बड्का नाचमा मानिसले कसरी अभिनय गर्छन् ?

(घ) सोरठी नाचका मुख्य पात्रहरू को को हुन् ?

## तलका बाजाका आवाज जनाउने शब्दहरू लेख्नुहोस् :





## गाऔँ र नाचौँ :

पाठमा दिइएको सोरठी वा बड्का नाचको गीतको टुक्का गुरुआमाको सहयोगमा समूहमा मिलेर गाउनुहोस् र सामान्य नक्कल गर्नुहोस् ।

## चित्रकला :

तपाईंको घर वा गाउँमा देख्नुभएको कुनै एउटा बाजाको चित्र बनाउनुहोस् र त्यसमा रङ भर्नुहोस् :



## प्रयोगात्मक कार्य गरौँ :

कक्षामा ३/३ जनाको समूह बनाउनुहोस् । एक जनाले मादल बजेको अभिनय गर्नुहोस् र बाँकी दुई जनाले सोरठी वा बड्का नाचको सामान्य चाल देखाउनुहोस् ।



## खेल खेलौँ :

१. सोरठी नाचमा महिलाको भेषमा नाच्ने पुरुषलाई के भनिन्छ ?

२. बड्का नाच कसरी नाचिन्छ ?

३. बड्का नाचमा कस्ता लुगा लगाइन्छ ?

४. छन छन आवाज निकाल्ने र खुट्टामा बाँधिने बाजा कुन हो ?

५. सोरठीमा बजाइने मादल कुन वस्तुबाट बनेको हुन्छ ?

६. छ्याङ छ्याङ गरेर ताल मिलाउन बजाइने बाजा कुन हो ?

७. बड्का र सोरठी नाचमा के भिन्नता पाइन्छ ?

८. सोरठी नाचमा कुन कुन कथा वा गीत गाइन्छ ?

९. थारु समुदायको बड्का नाच कहिले नाचिन्छ ?

१०. घिन घिन ताङ कुन बाजाको आवाज हो ?

पाठ : छ

# हाम्रा मेला र जात्रा



हाम्रो प्यारो शान्तिनगर,
खुसीले भरिएको घर,
माया, हाँसो, खेलकुद,
सबैलाई लाग्छ नि प्यार ।



पुसको जाडो सकिएपछि,
माघी मेला आउँछ,
थारु दाइदिदीको नाचले,
गाउँ नै रमाउँछ ।

पेदीखोला झरनामा,

छङछङ पानी झर्छ,

साथीसँगी सँगै खेल्दा,

मन झन् खुसी हुन्छ।



दसैँ, तिहार, माघी सँगै,

मिलेर हामी मनाऔँ।

फोहोर नगरी वन जोगाऔँ,

सुन्दर गाउँ बनाऔँ।



मेलाजात्रा जाँदा हामी,

सभ्य भई जाऔँ,

कला संस्कृति जोगाएर,

सुन्दर गाउँ बनाऔँ।





## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) पुसको जाडो सकिएपछि दसैँ आउँछ । (........)

(ख) थारु दाइदिदीको नाचले गाउँ रमाउँछ। (........)

(ग) पुरन्धाराको छहरामा छमछम पानी झर्छ। (........)

(घ) मेला जात्रामा जाँदा होहल्ला गर्दै जानुपर्छ। (........)

(ङ) वन जोगाउन जथाभावी फोहोर गर्नुहुँदैन। (........)



### खाली ठाउँ भर्नुहोस् :

(सभ्य, पुरन्धारा, संस्कृति, शान्तिनगर)

(क) हाम्रो प्यारो गाउँको नाम ........................ हो।

(ख) ........................ को छहरामा छङछङ पानी झर्छ।

(ग) मेलाजात्रा जाँदा हामी ........................ भई जानुपर्छ।

(घ) हामीले आफ्नो कला र ........................ जोगाउनुपर्छ।



### आफ्नो मनको कुरा लेख्नुहोस् :

(क) मलाई ............................................ पर्व सबैभन्दा मन पर्छ।

(ख) मेला जाँदा म ............................................ सँग जान्छु।

(ग) मेरो गाउँ सुन्दर बनाउन म ............................................ फाल्दिनँ।



## उत्तर भन्नुहोस् :

(क) हाम्रो शान्तिनगर के केले भरिएको छ ?

(ख) माघी मेला कहिले आउँछ ?

(ग) साथीसँगीसँग खेल्दा मन कस्तो हुन्छ ?

(घ) हामीले आफ्नो गाउँलाई कसरी सुन्दर बनाउन सक्छौँ ?



## छलफल गरौँ :

मेलाजात्रा जाँदा सभ्य भएर जानु भनेको के हो ? गुरुआमा र साथीहरूसँग छलफल गरी कुनै दुईओटा राम्रा बानीहरू लेख्नुहोस् ।

१. ................................... २. ........................................



## चित्र बनाऔँ :

आफ्नो कापीमा एउटा मेलामा मानिस नाचगान गरिरहेका वा रमाइलो गरिरहेको चित्र बनाउनुहोस् ।

पाठ : सात

# धार्मिक स्थल

धार्मिक स्थल भनेको विभिन्न धर्मका आस्थाका स्थल हुन् । शान्तिनगर गाउँपालिकामा हिन्दु, बौद्ध, इस्लाम, क्रिस्चियन धर्म मान्ने मानिसको बसोबास छ। यी विभिन्न धर्म मान्ने मानिसले धार्मिक स्थललाई पवित्र स्थलका रूपमा लिन्छन्। यी धार्मिक स्थलको सरसफाइ गर्नु र संरक्षण गर्नु हाम्रो कर्तव्य हो। हिन्दुको धार्मिक स्थल मठमन्दिर हुन्। बौद्ध धर्मावलम्बीको पवित्र स्थल गुम्बा हुन् । इस्लाम धर्म मान्ने मानिसका धार्मिक स्थल मस्जिद हुन्। क्रिस्चियन धर्मावलम्बीको पवित्र स्थल चर्च हुन्।



शिव मन्दिर



दुर्गा मन्दिर



सुन्दरादेवी मन्दिर



बौद्ध गुम्बा



मस्जिद



चर्च

शान्तिनगर गाउँपालिकामा धेरै जातिका मानिस बसोबास गर्दै आएका छन् । यहाँ बस्ने मानिसको आआफ्नै संस्कृति छ । सनातन हिन्दु धर्म मान्ने मानिसले देवीदेवताको पूजा गर्छन् । उनीहरु विभिन्न पर्व तथा अवसरमा मन्दिरमा गई पूजापाठ गर्छन् । शान्तिनगर गाउँपालिकामा शिव मन्दिर, दुर्गा मन्दिर, सुन्दरादेवी मन्दिर, भगवती मन्दिर आदि मन्दिर छन् । यस्ता धार्मिक स्थलमा दसैँ, शिवरात्रि, चैते दसैँ, रामनवमी, सङ्क्रान्ति, पूर्णिमा, एकादशी आदिमा पूजा आराधना हुन्छ । धार्मिक स्थलमा गई पूजा गर्दा मानसिक शान्ति प्राप्त हुन्छ । मन पवित्र हुन्छ । मनमा भएका नकारात्मक भावना हटेर सकारात्मक भावनाको विकास हुन्छ ।



दसैँ



शिवरात्रि



चैते दसैँ



रामनवमी



माघे सङ्क्रान्ति



पूर्णिमा/एकादशी

बौद्ध गुम्बा बौद्ध धर्मावलम्बीका आस्था केन्द्र हुन्। गुम्बाको शान्त वातावरणले सबैको मनलाई शान्ति दिन्छ। बुद्ध जयन्ती र ल्होसार जस्ता पर्वहरूमा गुम्बाहरूलाई दियो बालेर सजाइन्छ। यहाँ सबै समुदायका मानिसहरू दर्शन गर्न र आशीर्वाद लिन जान्छन्।

मस्जिद पवित्र स्थल हो। इस्लाम धर्मावलम्बीका पवित्र स्थल हुन्। इद र बकर इद जस्ता चाडपर्वहरूमा इस्लाम धर्मावलम्बी मस्जिदमा जम्मा भएर नमाज पढ्छन्। एकअर्कालाई अँगालो हालेर शुभकामना आदानप्रदान गर्छन्। मस्जिदले हामीलाई आपसी भाइचारा र शान्तिको सन्देश दिन्छ।

चर्च क्रिस्चियन धर्म मान्ने व्यक्तिका पवित्र स्थल हुन् । चर्चमा विशेष गरी शनिवारका दिन धेरै मानिस जम्मा हुन्छन् । चर्चले हामीलाई एकअर्कालाई प्रेम गर्न, क्षमा दिन र सधैँ सत्यको बाटामा लाग्न सिकाउँछ। क्रिसमस र इस्टर जस्ता पर्वहरूमा चर्चलाई झिलिमिली पारेर सजाइन्छ। यस समयमा सबै जना मिलेर खुसी साटासाट गर्छन् ।



## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) धार्मिक स्थलमा जाँदा मनमा सकारात्मक भावनाको विकास हुन्छ। (......)

(ख) इस्लाम धर्म मान्ने मानिसहरूको पवित्र स्थल गुम्बा हो। (......)

(ग) चर्चले हामीलाई एकअर्कालाई प्रेम गर्न र क्षमा दिन सिकाउँछ। (......)

(घ) शान्तिनगरमा शिव मन्दिर, दुर्गा मन्दिर र भगवती मन्दिरहरू छन्। (......)

(ङ) बुद्ध जयन्तीमा गुम्बाहरूलाई दियो बालेर सजाइन्छ। (......)



### खाली ठाउँ भर्नुहोस् :

**(शनिवार, नमाज, भाइचारा, पवित्र, सरसफाइ)**

(क) धार्मिक स्थलको ........................ र संरक्षण गर्नु हाम्रो कर्तव्य हो।

(ख) धार्मिक स्थललाई ........................ स्थलका रूपमा लिइन्छ।

(ग) मस्जिदले हामीलाई आपसी ........................ र शान्तिको सन्देश दिन्छ।

(घ) इस्लाम धर्मावलम्बी मस्जिदमा जम्मा भएर ...................... पढ्छन्।

(ङ) चर्चमा विशेष गरी ...................... का दिन धेरै मानिस जम्मा हुन्छन्।



## जोडा मिलाउनुहोस् :

| धार्मिक स्थल | सम्बन्धित धर्म |
|---|---|
| मठमन्दिर | बौद्ध धर्म |
| गुम्बा | इसाई धर्म |
| मस्जिद | हिन्दु धर्म |
| चर्च | इस्लाम धर्म |



## उत्तर दिनुहोस् :

(क) शान्तिनगर गाउँपालिकामा कुन कुन धर्म मान्ने मानिसको बसोबास छ ?

(ख) धार्मिक स्थलमा गई पूजा गर्दा के फाइदा हुन्छ ?

(ग) शान्तिनगरमा रहेका कुनै तीनवटा मन्दिरको नाम भन्नुहोस्।

(घ) मुस्लिम समुदायले कसरी शुभकामना आदानप्रदान गर्छन् ?

(ङ) चर्चमा मनाइने मुख्य दुईओटा पर्वका नाम भन्नुहोस् ।

(च) तपाईंको टोलमा भएका धार्मिक स्थलको नाम भन्नुहोस्।



## छलफल गरौँ :

धार्मिक सहिष्णुता भनेको के हो ? गुरुआमाको सहयोगमा कक्षामा छलफल गर्नुहोस् ।



## चित्र बनाऔँ :

तपाईँको गाउँ वा टोलमा रहेको कुनै पनि एक धार्मिक स्थल (मन्दिर, गुम्बा, मस्जिद वा चर्च) को सुन्दर चित्र बनाउनुहोस् ।

## एकाइ : तीन

# हाम्रो शान्तिनगर



पाठ : आठ

# हाम्रो वडा

(स्थान : कक्षाकोठा। गुरुआमाले हातमा एउटा नक्सा लिएर प्रवेश गर्नुहुन्छ।)

गुरुआमा : नानीबाबुहरू, आज हामी आफ्नो वडाको बारेमा कुरा गर्ने छौँ। तपाईँहरूलाई थाहा छ, हाम्रो शान्तिनगर गाउँपालिका कतिओटा वडामा विभाजित छ ?

कमल : गुरुआमा, हाम्रो शान्तिनगरमा ७ ओटा वडा छन्। म चाहिँ वडा नम्बर ४ मा बस्छु।

गुरुआमा : स्याबास कमल ! हाम्रो गाउँपालिकालाई सेवा सुविधा सजिलै पुगोस् भनेर ७ ओटा क्षेत्रमा बाँडिएको छ। यसैलाई हामी वडा भन्छौँ। प्रत्येक वडामा एउटा वडा कार्यालय हुन्छ।





सरला : गुरुआमा, वडा कार्यालयमा के के काम हुन्छ नि ?

गुरुआमा : धेरै राम्रो प्रश्न सरला ! वडा कार्यालयले हाम्रो जन्मदर्ता, विवाह दर्ता जस्ता व्यक्तिगत विवरण दर्ता गर्छ। हाम्रो वडाको बाटोघाटो बनाउँछ। हामीलाई खानेपानीको व्यवस्था गर्छ। बिजुली बत्तीको हेरचाह गर्ने काम पनि वडाकै हो। वडामा एक जना वडा अध्यक्ष र चार जना वडा सदस्य रहने व्यवस्था हुन्छ। उहाँलाई हामीले नै चुनेका हौँ।

समीर : मेरो बुबा त वडाको सरसफाइ कार्यक्रममा पनि जानुहुन्छ। के त्यो पनि वडाको काम हो ?

गुरुआमा : हो समीर, वडालाई सफा र हराभरा राख्नु वडा कार्यालय र हामी वडाबासी दुवैको कर्तव्य हो। वडामा रहेका मन्दिर, गुम्बा, चर्च, मस्जिद र विद्यालयहरूको रेखदेखमा पनि वडाले मदत गर्छ।

गुरुआमा : त्यसैले, हामीले आफ्नो वडाको विकासका लागि वडा कार्यालयलाई सघाउनुपर्छ र वडाले दिएका सेवाहरूको सही सदुपयोग गर्नुपर्छ।

समीर : शान्तिनगर गाउँपालिकाका सातओटै वडाको जनसङ्ख्या कति छ नि ?

गुरुआमा : शान्तिनगर गाउँपालिकाका सातओटै वडाको जनसङ्ख्याको विवरणलाई यस्तो छ। ल यो चार्टमा हेरौँ :

| वडा न. | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| वडा न. १ | १५६४ | १७३८ | ३३०२ |
| वडा न. २ | २२२८ | २४९९ | ४७२७ |
| वडा न. ३ | २१९३ | २५३३ | ४७२६ |
| वडा न. ४ | १८२८ | २२०५ | ४०३३ |
| वडा न. ५ | १४५२ | १७१९ | ३१७१ |
| वडा न. ६ | १५८७ | १८४५ | ३४३२ |
| वडा न. ७ | १९४९ | २३०१ | ४२५० |
| जम्मा | | | २७६४१ |



## क्रियाकलाप गरौं :



### खाली ठाउँ भर्नुहोस् :

(७, वडा अध्यक्ष, वडा कार्यालय, जन्मदर्ता)

(क) शान्तिनगर गाउँपालिकामा जम्मा ........................ वटा वडाहरू छन्।

(ख) वडाको मुख्य व्यक्तिका रूपमा ........................ रहनुहुन्छ।

(ग) हामीले ........................ गर्न वडा कार्यालय जानुपर्छ।

(घ) वडाका विकासका कामहरू ........................ ले गर्छ।



## हो वा होइन लेख्नुहोस् :

(क) वडाको बाटोघाटो सफा राख्नु वडावासीको मात्र काम हो। (..........)

(ख) वडामा जम्मा ५ जना जनप्रतिनिधि (अध्यक्ष र सदस्य) हुन्छन्। (..........)

(ग) वडा कार्यालयले विकासका योजनाहरू बनाउँछ। (..........)

(घ) शान्तिनगर एउटा ठुलो वडा हो। (..........)



## उत्तर दिनुहोस् :

(क) तपाईं बस्ने वडाको नम्बर कति हो ?

(ख) तपाईंको वडाको वडा अध्यक्षको नाम के हो ?

(ग) वडा कार्यालयले गर्ने कुनै दुईओटा काम भन्नुहोस्।



## नक्सा बनाऔं :

एउटा कागजमा आफ्नो वडाको सामान्य नक्सा बनाउनुहोस्। त्यसमा आफ्नो घर, वडा कार्यालय र नजिकैको विद्यालय देखाउनुहोस्।



## भ्रमण गरौं :

अभिभावकसँग मिलेर एकपटक आफ्नो वडा कार्यालयमा जानुहोस् र त्यहाँ के के काम भइरहेको छ ? हेर्नुहोस्।

पाठ : नौ

# हाम्रा खोलानाला

शान्तिनगर गाउँपालिकामा धेरै खोलानाला छन् । खोलानालाबाट हामी पानी पाउँछौँ । हामीलाई पानी आवश्यक हुन्छ । यिनै खोलानालामा विभिन्न जीवले आश्रय पाएका हुन्छन् । यी खोलानाला पशुका लागि खानेपानीको स्रोतका रुपमा रहेका छन् । यी खोलाबाट खेतीका लागि सिँचाइ पनि गरिएको छ । आज हामी कक्षाका साथीको समूह मिलेर शान्तिनगर गाउँपालिकाका सबै वडामा रहेका खोलाका बारेमा छलफल गर्छौं ।



म शान्तिनगर गाउँपालिका वडा न. १ मा बस्छु । मेरो वडामा ठाँटी खोला, बान्द्रे खोला, च्याँटी खोला, गुज्रुङ खोला, ज्यामिरे खोला, पेदी खोला, सालघारी खोला रहेका छन् ।

म शान्तिनगर गाउँपालिका वडा न. २ मा बस्छु । मेरो वडामा बौलाहा खोला, खहरे खोला, अमुवा खोला, छोटे खोला रहेका छन् ।

म शान्तिनगर गाउँपालिका वडा न. ३ मा बस्छु । मेरो वडामा केराघारी खोला, पातेटाकुरा खोला, चिराघाट खोला, बस्ती खोला, बौलाहा खोला रहेका छन् ।

म शान्तिनगर गाउँपालिका वडा न. ४ मा बस्छु । मेरो वडामा चिराघाट खोला, बौलाहा खोला, एकली खोला, हात्तीखाल खोला रहेका छन् ।

म शान्तिनगर गाउँपालिका वडा न. ५ मा बस्छु । मेरो वडामा बौलाहा खोला, लङ्गेवा खोला रहेका छन् ।

म शान्तिनगर गाउँपालिका वडा न. ६ मा बस्छु । मेरो वडामा लङ्गेवा खोला, बौलाहा खोला र बबई नदी रहेका छन् ।

म शान्तिनगर गाउँपालिका वडा न. ७ मा बस्छु । मेरो वडामा ओखरिया खोला, बरौँ खोला, झिङ्टेवा खोला र बबई नदी रहेका छन् ।

खोला हाम्रा जलस्रोत हुन् । खोलाको वरिपरि फोहोर फाल्नुहुँदैन । समय समयमा खोलाको सरसफाइ गर्नुपर्छ ।



## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) बाटाघाटा, चौपारी र मठमन्दिरहरू हाम्रा स्थानीय सम्पदा हुन्। (.......)

(ख) खोलानाला जलचर र पन्छीका लागि वासस्थान हुन्। (.......)

(ग) खोलाको वरिपरि फोहोर फाल्नु राम्रो काम हो। (.......)

(घ) बबई नदी शान्तिनगरको वडा न. ६ र ७ मा पर्दछ। (.......)

(ङ) खोलाको पानीले खेतीपातीका लागि सिँचाइ गर्न सकिँदैन। (.......)



### खाली ठाउँमा सही शब्द भर्नुहोस् :

**(जलस्रोत, सम्पदा, सरसफाइ, बान्द्रे, सिँचाइ)**

(क) सार्वजनिक रूपमा प्रयोग हुने स्थलहरू स्थानीय ........................ हुन्।

(ख) खोलानाला हाम्रा ........................ का मुख्य आधार हुन्।

(ग) वडा न. १ मा ठाँटी खोला र ........................ खोला रहेका छन्।

(घ) खोलाको पानीबाट खेतीका लागि ........................ गरिन्छ।

(ङ) हामीले समय समयमा खोलाको ........................ गर्नुपर्छ।



## जोडा मिलाउनुहोस् :

| वडा नम्बर | खोलाका नामहरू |
|---|---|
| वडा न. २ | लङ्गेवा खोला र बबई नदी |
| वडा न. ५ | बौलाहा खोला, खहरे खोला, अमुवा खोला |
| वडा न. ६ | ओखरिया, बराँ, गरुवा र भिङ्टेवा खोला |
| वडा न. ७ | बौलाहा खोला र लङ्गेवा खोला |



## उत्तर दिनुहोस् :

(क) स्थानीय सम्पदा भनेको के हो ? कुनै चारओटा उदाहरण दिनुहोस्।

(ख) खोलाले पशु र पक्षीलाई कसरी फाइदा पुऱ्याएको छ ?

(ग) तपाईंको वडामा रहेका खोलाको नाम लेख्नुहोस्।

(घ) खोलानालालाई सफा राख्न हामीले के के गर्नुपर्छ ?



## खोला चिनौँ :

तपाईँको घर नजिकै कुन खोला बग्छ ? त्यो खोलाको पानी के के काममा प्रयोग हुन्छ ? गुरुआमा र साथीहरूलाई बताउनुहोस् ।



## चित्र बनाऔँ :

कापीमा एउटा सुन्दर खोला, त्यसमा पौडिरहेका माछा र छेउमा पानी खाइरहेका जनावरको चित्र बनाउनुहोस् ।

पाठ : दश

# हाम्रा पेसा र व्यवसाय

मीना : ए, विशाल, के सोच्दै हुनुहुन्छ ?

विशाल : त्यस्तो केही होइन ।

मीना : केही त पक्कै होला ।

विशाल : दिदी, हाम्रो बाबा सधैँ किन बिहान घरबाट निस्कनुहुन्छ । साँझ मात्रै घर आउनुहुन्छ ?

मीना : हाम्रो बाबाले पसल गर्नुहुन्छ ।



विशाल : व्यवसाय भनेको पसल चलाउनु हो ?

मीना : पसल मात्रै होइन अरू कुनै पनि व्यापार गर्ने पेसा नै व्यवसाय हो ।

विशाल : व्यापारबाहेक अरू पेसा पनि हुन्छ ?

मीना : हुन्छ नि । तिम्री गुरुआमा पनि शिक्षण पेसा गर्नुहुन्छ ।




विशाल : ए हो ! तपाईंकी आमा के पेसा गर्नुहुन्छ नि ?

मीना : मेरी आमा सहकारीमा काम गर्नुहुन्छ । मेरो काका फलफूल खेती गरेर किसानी पेसा गर्नुहुन्छ ।




विशाल : अनि हजुरका मामा ?

मीना : मेरो मामा चाहिँ शान्तिनगर गाउँपालिका कार्यालयमा कर्मचारी हुनुहुन्छ। उहाँको पेसा जागिर हो।



विशाल : ए, हजुरका छिमेकीले के के पेसा गर्नुहुन्छ ?

मीना : छिमेकी काकाले बाँस र निगालाबाट डोको, डालो, सोली, भकारी जस्ता सामग्री बनाउनुहुन्छ। ती बेचेर धेरै पैसा कमाउनुहुन्छ। एक जना विदेशमा हुनुहुन्छ। रामप्रसाद बुबाले पसल गर्नुहुन्छ।



डोको



डालो



सोली



भकारी

विशाल : ए हो त नि है।

## क्रियाकलाप गरौँ :

### चित्रसँग जोडा मिलाऔँ :

पसल



गुरुआमा



किसान



व्यापार



## खाली ठाउँ भरौँ :

(क) पसल मात्रै होइन अरू कुनै पनि व्यापार गर्ने पेसा नै ................ हो ।

(ख) तिम्री गुरुआमा पनि ............ पेसा गर्नुहुन्छ ।

(ग) मेरो काका फलफूल खेती गरेर ............. पेसा गर्नुहुन्छ ।

(घ) शान्तिनगर गाउँपालिकाको कार्यालयमा ............. हुनुहुन्छ ।

## समूहले उत्तर भनौँ :

(क) बाबाले कुन व्यवसाय चलाउनुहुन्छ ?

(ख) विशालकी गुरुआमाले कुन पेसा गर्नुभएको छ ?

(ग) छिमेकी काकाले के गर्नुहुन्छ ?

## भ्रमण गरौँ र काम गरौँ:

अभिभावकसँग आफ्नो गाउँको भ्रमण गर्नुहोस् । तपाईंको गाउँमा कुन कुन पेसाव्यवसाय गर्ने मान्छे हुनुहुन्छ ? सोध्नुहोस् ।

## केही नयाँ गरौँ :

तपाईं आफ्नो कक्षामा रहेका साथीका घरका सदस्यले गर्ने पेसाव्यवसायका बारेमा सोधेर लेख्नुहोस् ।



## चित्र बनाऔँ :

तपाईंलाई मन पर्ने गुरुआमाको तस्बिर बनाउनुहोस् ।

पाठ : एघार

# हाम्रो गाउँको विविधता

**(स्थान : विद्यालयको चौर। मौलिक, नम्रता र गुरुआमा कुराकानी गर्दै हुनुहुन्छ।)**

मौलिक : गुरुआमा, हाम्रो वडामा त धेरै थरका मानिसहरू बस्नुहुन्छ। मेरो छिमेकी थारु हुनुहुन्छ। मेरा साथी मगर छन्। हामी किन फरक फरक भएका हौँ ?

गुरुआमा : धेरै राम्रो प्रश्न मौलिक। हाम्रो शान्तिनगर गाउँपालिका एउटा सुन्दर फूलबारी जस्तै हो। यहाँ धेरै जातजातिका मानिस मिलेर बस्छन्। जनगणना २०७८ अनुसार यहाँ सबैभन्दा धेरै जनसङ्ख्या क्षेत्रीहरूको छ।

नम्रता : गुरुआमा, अरू कुन कुन जातजाति यहाँ बस्नुहुन्छ त ?



गुरुआमा : यहाँ क्षेत्रीबाहेक थारू, मगर, विश्वकर्मा, ब्राह्मण, परियार, ठकुरी, मिजार र सन्यासीहरू पनि बस्नुहुन्छ ।

मौलिक : अनि हामीले बोल्ने भाषा पनि त फरक फरक छ नि, होइन र ?

गुरुआमा : हो नि मौलिक । हाम्रो गाउँपालिकामा सबैभन्दा धेरै मानिसले नेपाली भाषा बोल्छन् । त्यसपछि धेरैले थारू भाषा बोल्छन् । मगर साथीहरूले मगर ढुट र मगर खाम भाषा बोल्ने गर्नुहुन्छ ।

नम्रता : ए ! त्यही भएर मेरो साथीले घरमा कुरा गर्दा मैले नबुझेको रहेछु । कति धेरै भाषा र जातजाति मिलेर बसेको हाम्रो शान्तिनगर ।

गुरुआमा : हो, हामी जो जुन जातको भए पनि र जुनसुकै भाषा बोले पनि सबैजना मिलेर बस्नुपर्छ । यही नै हाम्रो शान्तिनगरको पहिचान हो । जनगणना २०७८ अनुसार प्रमुख जातजातिहरूमा क्षेत्री (१२,५०९ जना), थारू (४,४६८ जना), मगर (३,७०० जना), विश्वकर्मा (२,८३२ जना), ब्राह्मण (१,५८८ जना) रहेका छन् । प्रमुख भाषाहरूमा नेपाली (२१,१४६ जना), थारू (४,४५० जना), मगर ढुट (१,३१२ जना), मगर खाम (३८६ जना) रहेका छन् ।



## क्रियाकलाप गरौं :



### खाली ठाउँमा सही शब्द भर्नुहोस् :

(थारू, नेपाली, क्षेत्री, २७,६४१)

(क) शान्तिनगर गाउँपालिकाको जम्मा जनसङ्ख्या ........................ छ।

(ख) सबैभन्दा धेरै जनसङ्ख्या भएको जात ........................ हो।

(ग) ........................ भाषा शान्तिनगरमा सबैभन्दा धेरै बोलिन्छ।

(घ) नेपाली भाषापछि धेरै बोलिने भाषा ........................ हो।



### जोडा मिलाउनुहोस् :

| जातजाति | जनसङ्ख्या |
|---|---|
| क्षेत्री | २,८३२२ |
| थारू | १,५८८३ |
| विश्वकर्मा | १२,५०९४ |
| ब्राह्मण | ४,४६८३ |



## हो वा होइन लेख्नुहोस् :

(क) शान्तिनगरमा मगर ढुट र मगर खाम दुवै भाषा बोलिन्छ। (..........)

(ख) परियार जातिको जनसङ्ख्या ठकुरीको भन्दा धेरै छ। (..........)

(ग) जनगणना २०७८ अनुसार थारू भाषा बोल्नेको जनसङ्ख्या ४,४५० छ। (..........)

(घ) हामीले फरक भाषा बोल्ने साथीलाई जिस्क्याउनुपर्छ। (..........)



## उत्तर दिनुहोस् :

(क) शान्तिनगर गाउँपालिकामा बोलिने कुनै तीनओटा भाषाको नाम भन्नुहोस्।

(ख) तपाईँको वडामा बसोबास गर्ने कुनै पाँचओटा जातजातिको नाम भन्नुहोस्।

(ग) धेरै जातजाति र भाषा हुनु किन राम्रो हो ?



## भाषा खोजौँ :

तपाईँको कक्षामा रहेका साथीहरूलाई सोधेर उनीहरूले घरमा कुन भाषा बोल्छन् ? त्यसको एउटा सूची बनाउनुहोस्।



## चित्र बनाऔँ :

आफ्नो वडामा रहेका विभिन्न जातजातिका मानिसहरूको एउटा सुन्दर चित्र बनाउनुहोस्।

## एकाइ : चार

# हाम्रो परम्परा



पाठ : बाह्र

# सम्मान र सहयोग

मानिस सामाजिक प्राणी हो । मानिस समाजमा बस्छ । समाजमा हामीले एकअर्कालाई सम्मान गर्नुपर्छ । एकअर्कालाई सहयोग गर्नुपर्छ । सम्मान र सहयोग हाम्रो गहना हो । हामी आफूलाई अरूले सम्मान गरून् भन्ने चाहन्छौँ । हामी कोही पनि अरूबाट अपमानित हुन चाहँदैनौँ । हामीले अरूबाट सम्मान पाउनुभन्दा पहिले मन जित्नुपर्छ । यो सजिलो पक्कै हुँदैन । यसका लागि हामीले कुनै ठुलै काम गर्नुपर्छ वा ठुलो सफलता हासिल गर्नुपर्छ भन्ने पनि छैन । अरूबाट सम्मान प्राप्त गर्नका लागि सबैभन्दा पहिले आफूले पनि अरूलाई सम्मान दिन सक्नुपर्छ ।



त्यसपछि आफ्नो आचरण राम्रो बनाउनुपर्छ र राम्रो व्यवहार गर्नुपर्छ ।

**हामी दयालु बन्नुपर्छ :** हामी दयालु बन्नुपर्छ । हामीले दुःखमा परेका मानिसलाई सहयोग गर्नुपर्छ । हामीले छरछिमेकीलाई आफूले सकेको र जानेको मदत गर्नुपर्छ । यसरी अरूलाई सहयोग गर्ने बानीबाट सम्मान पाउन सकिन्छ ।

**अरूलाई सम्मान दिनुपर्छ :** आफूले सम्मान प्राप्त गर्नका लागि अरूलाई पनि सम्मान दिनुपर्छ। आफूभन्दा सानालाई माया र ठुलालाई आदर गर्नुपर्छ।

**कुरा राम्रोसँग सुन्नुपर्छ :** हामीले अरूको कुरा ध्यानसँग सुन्नुपर्छ। अरूले तपाईँलाई सम्मान गर्नुहुन्छ। हामी बोल्दा सामान्य शिष्टाचारको ख्याल गर्नुपर्छ। हामीले अरुसँग राम्रो व्यवहार गर्नुपर्छ। हाम्रो आचरण राम्रो हुनुपर्छ। असल आचरण भएको व्यक्तिलाई अरूले पनि सम्मान प्रकट गर्छन्।

**सामाजिक बन्नुपर्छ :** हामीले मानिससँग राम्रो सम्बन्ध बनाउनुपर्छ। जनसम्पर्क गर्नुपर्छ। परेको वेलामा सहयोग गर्नुपर्छ।

**रिसाउने बानी त्याग्नुपर्छ :** हामी कुनै पनि मानिससँग बिनाकारण रिसाउनुहुन्न। खुसी रहनुपर्छ। हाँसेर कुरा गर्नुपर्छ।



**सहयोगी बन्नुपर्छ :** परिवारका ज्येष्ठ सदस्यलाई सम्मान र सहयोग गर्नुपर्छ। कक्षाका साथीलाई अप्ठ्यारो परेका वेलामा सकेको सहयोग गर्नुपर्छ। शारीरिकरूपमा अशक्त व्यक्तिलाई सकेको मदत गर्नुपर्छ। आफूभन्दा सानालाई सहयोग र माया गर्नुपर्छ।



## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) मानिस एक्लै बस्न सक्ने प्राणी हो। (.......)

(ख) अरूबाट सम्मान पाउन पहिले आफूले अरूलाई सम्मान गर्नुपर्छ। (.......)

(ग) दुःखमा परेका मानिसलाई सहयोग गर्नु हाम्रो कर्तव्य हो। (.......)

(घ) अरूको कुरा नसुनी आ  नै कुरा मात्र भन्नु राम्रो बानी हो। (.......)

(ङ) शारीरिक रूपमा अशक्त व्यक्तिलाई मद्दत गर्नुपर्छ। (.......)



### खाली ठाउँमा सही शब्द भर्नुहोस् :

**(सम्मान र सहयोग, दयालु, ज्येष्ठ, शिष्टाचार, रिसाउने)**

(क) ........................ हाम्रो समाजको गहना हो।

(ख) हामी सधैँ अरूको सेवा गर्न ........................ बन्नुपर्छ।

(ग) बोल्दा सधैँ सामान्य ........................ को ख्याल गर्नुपर्छ।

(घ) परिवारका ........................ सदस्यलाई सम्मान गर्नुपर्छ।

(ङ) हामीले ........................ नराम्रो बानी त्याग्नुपर्छ।



## जोडा मिलाउनुहोस् :

| | |
|---|---|
| अरूलाई सम्मान गर्दा | सबैले माया गर्छन् |
| छरछिमेकीलाई सहयोग गर्दा | आफैँले सम्मान पाइन्छ |
| हाँसेर कुरा गर्दा | मन पवित्र हुन्छ |
| सानालाई माया गर्दा | सम्बन्ध राम्रो हुन्छ |



## उत्तर दिनुहोस् :

(क) मानिस कस्तो प्राणी हो ?

(ख) अरूको मन जित्न हामीले के के गर्नुपर्छ ?

(ग) सहयोगी बन्नका लागि हामीले कसलाई मदत गर्नुपर्छ ?

(घ) अरूको कुरा ध्यान दिएर सुन्दा के फाइदा हुन्छ ?



## सोचेर भन्नुहोस् :

(क) तपाईंको कक्षामा कुनै साथीलाई कलम नभएर लेख्न अप्ठ्यारो परेको छ भने तपाईं के गर्नुहुन्छ ?

(ख) बाटो काट्न नसकेका वृद्ध हजुरबुबालाई देख्नुभयो भने तपाईं कसरी सहयोग गर्नुहुन्छ ?

## चित्र बनाऔँ :

तपाईँले कसैलाई सहयोग गरेको वा कसैलाई सम्मान (ढोग वा नमस्ते) गरेको चित्र कापीमा बनाउनुहोस् ।



## प्रतिज्ञा गरौँ :

आजदेखि म कसैसँग बिनाकारण रिसाउने छैन र सधैँ हाँसेर कुरा गर्ने छु भनी कक्षामा सबै साथीहरू मिलेर प्रतिज्ञा गर्नुहोस् ।

पाठ : तेह्र

# सभ्य र शिष्ट व्यवहार

शान्तिनगर गाउँपालिकाको काशीपुरमा सुरज नामका बालक बस्थे। उनी तीन कक्षामा पढ्थे। उनका एउटा सानो भाइ थिए। उनको नाम सन्देश थियो।

एकदिन सुरज आफ्ना साथीहरूसँग आँगनमा फुटबल खेल्दै थिए। भाइ सन्देश पनि दाइसँग खेल्न आए। सुरजले भाइलाई "तिमी सानो छौ, खेल्न जान्दैनौ" भन्दै अलि रुखो स्वरमा हप्काएर पठाए। सन्देश रुँदै घरभित्र गए।



केही बेरमा खेल्दाखेल्दै सुरजको खुट्टाले लागेर आँगनको छेउमा रहेको आमाको प्रिय फूलको गमला फुट्यो । सुरज डराए र चुपचाप कोठामा गएर पढ्न थाले । साँझ आमाले फुटेको गमला देखेपछि सोध्नुभयो, "यो गमला कसले फुटायो ?"

सुरज डराएर बोलेनन् । आमाले सन्देशलाई शङ्का गर्दै भन्नुभयो, “सन्देश, तिमीले फुटाएका हौ ?” सन्देश रुन थाले । सुरजलाई भित्रभित्रै नरमाइलो लाग्यो । उनले सोचे– “मैले भाइलाई दिउँसो पनि नराम्रो व्यवहार गरेँ । अहिले मेरो गल्तीको सजाय उसले पाउँदै छ ।”

सुरज बिस्तारै आमाको नजिक गए र भन्नुभयो, “आमा, माफ गर्नुहोस् । त्यो गमला भाइले होइन, खेल्दाखेल्दै मेरै खुट्टाले लागेर फुटेको हो । मैले डरले गर्दा झुट बोलेँ ।”

आमा मुस्कुराउनुभयो र सुरजलाई सम्झाउनुभयो, “छोरा, गल्ती हुनु ठुलो कुरा होइन, तर गल्ती स्वीकार गर्नु र माफी माग्नु ठुलो कुरा हो । तिमी त दाइ हौ, भाइलाई माया गर्ने र उसको ख्याल राख्ने जिम्मेवारी तिम्रो हो ।”

सुरजले आफ्नो गल्ती महसुस गरे । उनले भाइलाई अँगालो हालेर भने, “सरी भाइ, अबदेखि म तिमीलाई माया गर्छु र हामी सँगै खेल्ने छौँ ।” त्यस दिनदेखि सुरज सबैका प्यारा र जिम्मेवार बालक बने ।





## क्रियाकलाप गरौं :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) सुरजले भाइलाई सुरुमा धेरै माया गरे। (.......)

(ख) गल्ती गरेपछि माफी माग्नु असल बानी हो। (.......)

(ग) सुरजले आमासँग साँचो कुरा बोले। (.......)

(घ) आफूभन्दा सानालाई हप्काउनु जिम्मेवार बालकको काम हो। (.......)



### खाली ठाउँ भर्नुहोस् :

(जिम्मेवारी, माफ गर्नुहोस्, सभ्य, स्नेह)

(क) सुरजले आमासँग ........................ भन्दै माफी मागे।

(ख) हामीले सधैँ ........................ र शिष्ट व्यवहार गर्नुपर्छ।

(ग) साना भाइबहिनीलाई ........................ र माया दिनुपर्छ।

(घ) आफ्नो गल्ती स्वीकार गर्नु एक ठुलो ........................ हो।



### उत्तर दिनुहोस् :

(क) सुरजले भाइलाई दिउँसो कस्तो व्यवहार गरेका थिए ?

(ख) आमाको फूलको गमला कसरी फुट्यो ?

(ग) सुरजले अन्त्यमा किन माफी मागे ?

(घ) दाइ वा दिदी हुनुको नाताले साना भाइबहिनीप्रति हाम्रो के कर्तव्य हुन्छ ?



## तपाईँ भए के गर्नुहुन्थ्यो ?

(क) यदि तपाईँबाट कसैको कापी च्यातियो भने तपाईँ के गर्नुहुन्छ ?

(ख) तपाईँको सानो भाइ वा बहिनी लडेर रोइरहेको छ भने तपाईँ के गर्नुहुन्छ ?



## तलका शब्दहरू कुन वेला प्रयोग गरिन्छ ? साथीहरूसँग छलफल गर्नुहोस् :

१. नमस्ते/नमस्ते : भेट हुँदा

२. माफ गर्नुहोस् : गल्ती हुँदा

३. धन्यवाद : कसैले सहयोग गर्दा

४. कृपया : केही कुरा माग्दा



## प्रतिज्ञा गरौँ :

आफ्नो कापीको पानामा एउटा सुन्दर फूल बनाउनुहोस् र त्यसको बिचमा "म सधैँ साँचो बोल्ने छु र सानालाई माया गर्ने छु" भनी लेख्नुहोस् ।

पाठ : चौध

# हाम्रो लोकसाहित्य

जुम्लेकुलामा रहेको एउटा ठुलो चौपारीमा साँझपख गाउँका बुढापाका र केटाकेटीहरू जम्मा भएका थिए । सबै जना हजुरबुबाबाट रमाइला कुरा सुन्न उत्सुक थिए ।



हजुरबुबा : "नानीबाबुहरू, आज म तिमीहरूलाई हाम्रा पुर्खाले सुनाउने लोककथा, उखान र गाउँखाने कथा सुनाउँछु है !"

कमल : "हजुर हजुरबुबा, मलाई त गाउँखाने कथा धेरै मन पर्छ ।"

हजुरबुबा : "ल त्यसो भए भन त–हाड छ, मासु छैन, मुख छ, जिब्रो छैन के हो ?"

नानीबाबुहरूले केही बेर सोचे । समीरले फुत्त भन्यो, शङ्ख । हजुरबुबा मुस्कुराउनुभयो, "हो, स्याबास ! अब एउटा उखान सुन– हुने बिरुवाको चिल्लो पात । यसको अर्थ सानैदेखि राम्रो लक्षण देखाउने मान्छे पछि गएर असल बन्छ भन्ने हो ।"

त्यसपछि हजुरबुबाले एउटा छोटो लोककथा सुनाउनुभयो : धेरै पहिले शान्तिनगरको जङ्गलमा एउटा चतुर स्याल र एउटा सोझो हात्तीको मित्रता थियो। एकदिन उनीहरूले बबई नदीपारिको खेतमा गएर उखु खाने योजना बनाए। स्याल सानो थियो, हात्तीको पिठ्युँमा चढेर नदी पार गऱ्यो। उखु खाइसकेपछि स्याल ठुलो स्वरले कराउन थाल्यो। हात्तीले भन्यो, "साथी नकराऊ, किसान आउँछ।" स्यालले मान्दै मानेन र भन्यो, "मेरो त खानेबित्तिकै कराउने बानी छ।"

स्याल कराएको सुनेर किसान आयो। हात्तीलाई लाठीले बेसरी कुट्यो। फर्कने वेलामा हात्तीले नदीको बिचमा पुगेपछि भन्यो, "साथी, मेरो त खाएपछि पानीमा डुबुल्की मार्ने बानी छ।" हात्ती डुबेपछि स्याललाई झन्डै बगाएन ! यसैलाई भनिन्छ–"जस्तालाई त्यस्तै, ढिँडालाई निस्तै।"

केटाकेटीहरू कथा र उखान सुनेर निकै रमाए। उनीहरूले बुझे कि हाम्रा लोक कथाहरूमा धेरै ज्ञान लुकेको हुन्छ।



## क्रियाकलाप गरौँ :



### गाउँखाने कथाको उत्तर दिनुहोस् :

(क) एउटै रुखमा बाह्रओटा हाँगा के हो ? ........................

(ख) बाटाभरि पैसा पोखिएका, टिप्न जाँदा केही नभएका के हो ? ...............

(उत्तर : वर्ष र महिना, ताराहरू)

## खाली ठाउँ भर्नुहोस् :

**(उखान, हात्ती, लोककथा, गाउँखाने कथा)**

(क) पुर्खादेखि मौखिक रूपमा चल्दै आएका कथालाई ........................ भनिन्छ।

(ख) हुने बिरुवाको चिल्लो पात एउटा ........................ हो।

(ग) दिमाग तेजिलो बनाउन ........................ खेलिन्छ।

(घ) कथामा स्यालले ........................ लाई धोका दिएको थियो।

## जोडा मिलाउनुहोस् :

| उखान | अर्थ |
| --- | --- |
| छिमेकीको आगो ताप्नु | ठुलो कुरा गर्ने काम नगर्ने |
| भुक्ने कुकुरले टोक्दैन | मिलेर बस्नु वा मद्दत लिनु |
| काम गर्ने हनुमान, फल खाने ढेँडु | सानो कुराले पनि धेरै मद्दत गर्छ |
| थोपा थोपा मिलेर समुद्र बन्छ | मिहिनेत एकको, लाभ अर्कैको |



## उत्तर दिनुहोस् :

(क) लोकसाहित्य भनेको के हो ?

(ख) हजुरबुबाले सुनाएको कथाबाट के शिक्षा मिल्छ ?

(ग) तपाईँलाई थाहा भएको कुनै एउटा गाउँखाने कथा भन्नुहोस्।



## हजुरबुबा/हजुरआमासँग सोधौँ :

आफ्नो घरमा गएर हजुरबुबा वा हजुरआमासँग एउटा नयाँ लोककथा सोध्नुहोस् र भोलि कक्षामा साथीहरूलाई सुनाउनुहोस्।



## चित्र बनाऔँ :

हजुरबुबाले सुनाएको कथामा जस्तै एउटा स्याल र हात्तीको चित्र बनाउनुहोस्।

पाठ : पन्ध्र

# हाम्रा जडीबुटी

हाम्रो घरवरिपरि पाइने औषधीका रुपमा प्रयोग गरिने वनस्पति नै जडीबुटी हुन्। यस्ता जडीबुटीका जरा र बुटा दुवै औषधीका रुपमा प्रयोग हुन्छन्। हाम्रा पुर्खाले यस्तै जडीबुटीलाई औषधीका रुपमा प्रयोग गर्थे। आज हामीले खाने औषधी पनि यिनै जडीबुटीबाट बनेका हुन्छन्। आज हामी पनि हाम्रो घरमा प्रयोग हुने जडीबुटीका बारेमा जानकारी लिन्छौँ।

## अदुवा



विशेषगरी अदुवा पहाडी क्षेत्रमा पाइन्छ । यसको पातको टुप्पो तिखो चुच्चो परेको हुन्छ । अदुवाको जरा बास्नादार र फिका पहेँलो रङ्को हुन्छ। यसको उपयोगी भाग जरा हो। अदुवा अरुचि, अपच, पखाला, अमिलोपन आउने, ज्वरो, रुघाखोकी र दममा उपयोगी हुन्छ। अदुवालाई निचोरी रस निकालेर प्रयोग गरिन्छ। अदुवालाई सुकाएर धुलो बनाएर पानीसँग वा चियाको रूपमा प्रयोग गर्न सकिन्छ।

## ज्वानो



ज्वानाको मसिनो र खण्डयुक्त पात भएको झार जातिको बोट हो। ज्वानो सानो सुगन्धित अण्डाकारको फल हो । यसलाई हामी भान्सामा प्रयोग गर्छौं । यसको फल पेट दुखेकामा, अजीर्ण भएको अवस्थामा उपयोग गरिन्छ। यो रुचि जगाउने किसिमको हुन्छ।

## बेसार



बेसार एक वर्षीय बोट हो । यसका पहेंला, सेता, बैजनी रङका फूलहरू झुप्पामा फुल्छन्। यसको पहेंलो जरा हुन्छ । यसैबाट हाम्रो भान्सामा दैनिक रूपमा उपयोग हुने बेसार तयार गरिन्छ। यसको उपयोगी भाग जरा हो । यसको प्रयोग धेरै पिसाब लागेमा गरिन्छ। आँखाको कमजोरीमा, सुक्खा

खोकीमा, कान दुखेमा, वायु गोला गानो गएमा, शरीर सुनिएमा मर्केमा, पेट फुल्ने रोग भएमा, कफ जमेर दम भएमा, रुघा लागेमा बेसारलाई विभिन्न तरिकाबाट सेवन गर्दा फाइदा पुग्छ। यसलाई प्राकृतिक एन्टिबायोटिक भनिन्छ।

## लसुन



लसुन प्याज प्रजातिको मसला हो । लसुन केस्रा मिलेर बनेको दानो सबै भन्दा बढी प्रयोग हुने भाग हो । यो तरकारीमा मसलाका रूपमा प्रयोग हुनछ । लसुनमा एन्टिअक्सिडेन्न्ट पाइने हुनाले यो निकै लाभदायक हुन्छ । ग्यास्टिकका रोगीका लागि बिहान खाली पेटमा खाँदा फाइदा हुन्छ । घाँटी बसेमा एक/दुई केस्रा लसुन चपाएर मन तातो पानीसँग निलेमा पनि ठिक हुन्छ। घिउकुमारी लसुनमा पिनेर लेप लगाउने गरेमा दाद आएको ठिक हुन्छ।

# क्रियाकलाप गरौं :

## चित्रसँग जोडा मिलाऔँ :

तुलसी



अदुवा



लसुन



बेसार





## पाठ पढौँ र खाली ठाउँ भरौँ :

(क) ..........लाई निचोरी रस निकालेर प्रयोग गरिन्छ।

(ख) लसुन प्याज प्रजातिको ............. हो।

(ग) बेसारलाई .............. एन्टिबायोटिक भनिन्छ।

(घ) जडीबुटीका ............ दुवै औषधीका रुपमा प्रयोग हुन्छन्।



## सबै मिलेर पाठ पढौँ र प्रश्नका उत्तर भनौँ :

(क) जडीबुटी भनेको के हो ?

(ख) तपाईँका घरमा कुन कुन जडीबुटी छन् ?

(ग) अदुवा किन उपयोगी छ ?

(घ) ज्वानो  र बेसारका फाइदा के के हुन् ?

(ङ) लसुनको फाइदा भन्नुहोस्।



## समूहले उत्तर भनौँ :

(क) तपाईँका वडामा पाइने जडीबुटीको नाम भन्नुहोस्।



## परियोजना कार्य गरौँ :

(क) तपाईँको कक्षाका साथीहरू मिलेर पाठमा भनिएका जडीबुटीबाट हुने फाइदालाई बुँदामा लेखेर कक्षामा प्रदर्शन गर्नुहोस्।

## एकाइ : पाँच

# हाम्रो स्थानीय सरकार



पाठ : सोह्र

# हाम्रो गाउँपालिका

शान्तिनगर गाउँपालिका लुम्बिनी प्रदेशमा रहेको छ। यो गाउँपालिका ११६.०२ वर्ग किलोमिटरमा फैलिएर रहेको छ। यस गाउँपालिकाको उत्तरी सिमानामा सल्यान जिल्ला, पश्चिममा बबई गाउँपालिका, दक्षिणमा दंगीशरण गाउँपालिका र पूर्वमा तुलसीपुर उपमहानगरपालिका रहेका छन्।

हाम्रो गाउँपालिकामा जनताको सेवा गर्नका लागि अध्यक्ष तथा उपाध्यक्ष जनताबाट निर्वाचित हुनुभएको छ। प्रत्येक वडाबाट एक एक जना वडाध्यक्ष निर्वाचित हुनुभएको छ।




हाम्रा वडा सदस्य हाम्रै काममा लाग्नुहुन्छ। हाम्रो वडाका विकास निर्माणका काममा उहाँहरूको सक्रिय सहभगिता रहन्छ। हामीलाई वडाका काम सजिलो

बनाइदिनका लागि एक जना वडा सचिव हुनुहुन्छ। उहाँले हाम्रा काम सजिलै गरिदिनुहुन्छ । हाम्रा जनप्रतिनिधिले हामीलाई सुविधा दिइरहनुभएको छ । उहाँहरूको समाजसेवाको भावनाबाट म प्रभावित भएको छु।




मेरो जन्म दर्ता वडा कार्यालयमा नै भएको हो। वडाले हामीलाई विभिन्न सुविधा दिएको छ। हाम्रो वडाको कामबाट म प्रभावित भएको छु। सबैले आआफ्नो वडाबाट सुविधा पाएकै छौँ। वडा कार्यालय सार्वजनिक विदाका दिनबाहेक आइतवारदेखि शुक्रवारसम्म बिहान १० बजेदेखि साँझ ५ बजेसम्म खुल्छ।



## क्रियाकलाप गरौं :



### पाठ पढौं र ठिक वा बेठिक छुट्याऔं :

(क) हाम्रो गाउँपालिकामा ७ ओटा वडा छन्।

(ख) गाउँपालिकाको क्षेत्रफल ११६.०२ वर्ग किलोमिटर रहेको छ ।

(ग) गाउँपालिकाको पश्चिममा लमही रहेको छ।

(घ) प्रत्येक वडाबाट एक एक जना वडाध्यक्ष निर्वाचित हुनुभएको छ।



### पाठ पढौं र खाली ठाउँ भरौं :

(क) गाउँपालिका अध्यक्ष : ......................

(ख) गाउँपालिका उपाध्यक्ष : ......................

(ग) मेरो वडाका वडाध्यक्ष : ......................

(घ) मेरो वडाको कार्यालय : ......................



### सबै मिलेर पाठ पढौं र प्रश्नका उत्तर भनौं :

(क) शान्तिनगर गाउँपालिका कुन प्रदेशमा पर्छ ?

(ख) हाम्रो गाउँपालिकाको कार्यालय कहाँ रहेको छ ?

(ग) हाम्रो गाउँपालिका कति उचाइमा छ ?

## समूहले उत्तर भनौँ :

(क) शान्तिनगर गाउँपालिकाको सिमानामा कुन कुन पालिका र जिल्ला छन् ?

(ख) तपाईँको वडाका वडा सदस्यको नाम कक्षामा सुनाउनुहोस्।

## परियोजना कार्य गरौँ :

तपाईँको वडा कार्यालयमा गएर वडाध्यक्षलाई भेट गर्नुहोस्। वडामा रहेको वडा समिति र कर्मचारीको नाम टिपोट गर्नुहोस्।

## सिर्जनात्मक काम गरौँ :

तपाईँको घरबाट वडा कार्यालय जाने बाटाको नक्सा बनाउनुहोस्।

पाठ : सत्र

# गाउँपालिकाका शाखा

**हरेक स्थानीय तहमा जनतालाई सेवा दिन तथा विकास निर्माणका काम गर्न विभिन्न शाखा रहेका हुन्छन्। विभिन्न शाखाको कार्यक्षेत्र तोकिएको हुन्छ।**

गुरु : नानीबाबुहरू, आज हामी हाम्रो शान्तिनगर गाउँपालिकाले हामीलाई कसरी सेवा दिन्छ भन्नेबारे कुराकानी गर्ने छौँ। हाम्रो गाउँपालिकामा विभिन्न काम गर्न छुट्टाछुट्टै शाखा छन्।



सन्देश : गुरु, शाखा भनेको के हो ? के यो रुखको हाँगा जस्तै हो ?

गुरु : (मुस्कुराउँदै) हो सन्देश, जसरी एउटा रुखका धेरै हाँगा हुन्छन्, त्यसरी नै गाउँपालिकाका कामलाई सजिलो बनाउन बनाइएका विभागलाई शाखा भनिन्छ । गाउँपालिकामा कृषि विकास शाखा छ । यसले किसानलाई मल, बिउ र खेती गर्ने नयाँ तरिका सिकाउँछ ।



कृषि विकास शाखा

पूजा : गुरु, मेरो घरमा त बाख्रा र कुखुरा पनि पालेका छौँ । त्यसका लागि चाहिँ कुन शाखा छ नि ?

गुरु : धेरै राम्रो प्रश्न पूजा । त्यसका लागि पशुपन्छी विकास शाखा छ । यसले पशुहरूको बिरामी जाँच्ने, औषधी दिने र उन्नत जातका पशु पाल्न मदत गर्छ ।



## पशुपन्छी विकास शाखा

आदर्श : गुरु, अस्ति म बिरामी हुँदा स्वास्थ्य चौकी गएको थिएँ । त्यो पनि गाउँपालिकाकै हो ?

गुरु : हो आदर्श । स्वास्थ्य शाखाले हाम्रो गाउँपालिकामा खोप लगाउने, निःशुल्क औषधी बाँड्ने र सरसफाइका काम गर्छ। स्वास्थ्य नै हाम्रो सबैभन्दा ठुलो सम्पत्ति हो।

सन्देश : अनि हाम्रो स्कुलको किताब र परीक्षाको काम चाहिँ कसले हेर्छ नि ?

गुरु : त्यसका लागि शिक्षा, युवा तथा खेलकुद शाखा छ। यसले विद्यालयको पढाइ, छात्रवृत्ति र खेलकुद प्रतियोगिता हेर्छ।



शिक्षा, युवा तथा खेलकुद शाखा

आदर्श : अनि बाटोघाटो र पुल बनाउने काम चाहिँ कुन शाखाले गर्छ त ?

गुरु : बाटोघाटो र ठुला योजना बनाउन, तिनको रेखदेख गर्न योजना, अनुगमन तथा मूल्याङ्कन शाखा छ। यसले गाउँको विकास कसरी गर्ने भनेर योजना बनाउँछ।



योजना, अनुगमन तथा मूल्याङ्कन शाखा

पूजा : ए ! हाम्रो गाउँपालिका त हाम्रै सेवाका लागि बनेको रहेछ । अब म पनि बुबालाई कृषि शाखाबाट बिउ ल्याउन भन्छु ।

गुरु : स्याबास ! हामीले यी शाखाहरूबाट पाइने सुविधाहरूबारे थाहा पाउनुपर्छ र आफ्नो गाउँलाई आफैँ बनाउनुपर्छ ।



## क्रियाकलाप गरौँ :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) कृषि शाखाले विद्यालयको परीक्षा सञ्चालन गर्छ । (.......)

(ख) स्वास्थ्य शाखाले निःशुल्क औषधी र खोपको व्यवस्था गर्छ । (.......)

(ग) गाउँपालिकाको सबैभन्दा सानो एकाइ स्थानीय तह हो । (.......)

(घ) पशुपन्छी शाखाले पशुहरूको रोग नियन्त्रणमा सहयोग गर्छ । (.......)

(ङ) बाटो बनाउने काम योजना शाखाले गर्छ । (.......)



### खाली ठाउँमा सही शब्द भर्नुहोस् :

(**शिक्षा, विकास, कृषि, स्वास्थ्य, पशुपन्छी**)

(क) बिउबिजन र मलखादको व्यवस्था ........................ शाखाले गर्छ ।

(ख) मानिसको सबैभन्दा ठुलो सम्पत्ति ........................ हो ।

(ग) विद्यालयको शैक्षिक अवस्था अनुगमन ...................... शाखाले गर्छ।

(घ) पशुहरूको नस्ल सुधार गर्ने काम ...................... शाखाको हो।

(ङ) गाउँको ...................... का लागि योजना शाखाले काम गर्छ।



## जोडा मिलाउनुहोस् :

| शाखाको नाम | मुख्य सेवा / काम |
| --- | --- |
| कृषि विकास शाखा | अस्पताल र खोप सेवा |
| स्वास्थ्य शाखा | सिँचाइ र उन्नत बिउ |
| शिक्षा र खेलकुद शाखा | नयाँ आयोजना र अनुगमन |
| योजना र मूल्याङ्कन शाखा | छात्रवृत्ति र विद्यालय रेखदेख |



## उत्तर दिनुहोस् :

(क) स्थानीय तह भनेको के हो ?

(ख) स्वास्थ्य शाखाले दिने कुनै दुईओटा सुविधाहरू लेख्नुहोस्।

(ग) विद्यालयका लागि शिक्षा शाखाले के के काम गर्छ ?

(घ) तपाईंको घरमा पालिएका गाईभैँसी बिरामी परे कुन शाखामा जानुहुन्छ ?

## सूचनापाटी बनाऔँ :

एउटा चार्टपेपरमा गाउँपालिकाका ५ ओटा शाखाहरूको नाम लेख्नुहोस् र ती शाखाले गर्ने कुनै एक मुख्य काम चित्रसहित कक्षामा टाँस्नुहोस्।

## एकाइ : छ

# लिखत तथा उद्घोषण



पाठ : अठार

# निवेदन

हामीले कहिलेकाहीँ विद्यालयमा बिदा माग्नुपर्ने हुन्छ। वडा कार्यालयबाट कुनै सेवा लिनुपर्ने हुन्छ। यस्तो अवस्थामा सम्बन्धित कार्यालयको प्रमुखलाई दिइने लिखित पत्रलाई निवेदन भनिन्छ। निवेदन लेख्दा भाषा शिष्ट हुनुपर्छ र स्पष्टसँग आफ्नो कुरा राख्नुपर्छ।



## विद्यालयमा बिदाका लागि निवेदन

मिति : २०८२/११/२१

श्री प्रधानाध्यापक ज्यू,
शान्तिनगर आधारभूत विद्यालय,
शान्तिनगर, दाङ।

विषय : बिदा पाऊँ।

महोदय,
म यस विद्यालयको तीन कक्षामा अध्ययनरत छात्र हुँ। आज मलाई एक्कासि ज्वरो आएकाले म विद्यालय उपस्थित हुन सकिन। त्यसैले मलाई आजको एकदिन बिदा मिलाइदिनुहुन हार्दिक अनुरोध गर्दछु।

तपाईंको आज्ञाकारी छात्र
नाम : रिदम नेपाली
कक्षाः ३,
रोल न. : ५



## क्रियाकलाप गरौँ :



### ठिक वा बेठिक लेख्नुहोस् :

(क) निवेदन सधैँ शिष्ट र नम्र भाषामा लेख्नुपर्छ। (.......)

(ख) विद्यालयमा बिदा माग्दा वडा अध्यक्षलाई सम्बोधन गर्नुपर्छ। (.......)

(ग) निवेदनको अन्त्यमा आफ्नो नाम र कक्षा लेख्नुपर्छ। (.......)

(घ) निवेदनमा मिति लेख्नु जरुरी छैन। (.......)



### खाली ठाउँमा सही शब्द भर्नुहोस् :

(**विषय, प्रधानाध्यापक, महोदय, निवेदन**)

(क) विद्यालयमा बिदा माग्नका लागि .................. ज्यूलाई पत्र लेखिन्छ।

(ख) निवेदनमा के कुराका लागि पत्र लेखिएको हो भन्ने कुरा .................. मा लेखिन्छ।

(ग) पत्रको बिचमा सम्बोधन गर्दा ........................ शब्द प्रयोग गरिन्छ।

(घ) लिखित रूपमा माग गरिने पत्रलाई ........................ भनिन्छ।



## जोडा मिलाउनुहोस् :

| निवेदनका अङ्ग | लेखिने कुरा |
|---|---|
| मिति | बिदा पाऊँ |
| सम्बोधन | २०८२/११/२१ |
| विषय | तपाईंको आज्ञाकारी विद्यार्थी |
| अन्त्यमा | श्री प्रधानाध्यापकज्यू |



## उत्तर दिनुहोस् :

(क) निवेदन भनेको के हो ?

(ख) विद्यालयमा कस्तो अवस्थामा निवेदन दिनुपर्छ ?

(ग) निवेदनको अन्त्यमा विद्यार्थीले आफ्नो कुन कुन विवरण लेख्नुपर्छ ?



## अभ्यास गरौँ :

तपाईंको ठुलो बुबाको छोरा (दाइ) को विवाहमा जानका लागि दुई दिनको बिदा माग्दै आफ्ना कक्षा गुरुआमालाई एउटा निवेदन लेख्नुहोस् ।

टिपोटः

टिपोटः